# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण
## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या २

मिति २०७६ फागुन २२ गते बिहिवार

समयः दिनको ११ बजे

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ फागुन १८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरु तथा उच्च अधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | |
|---|---|
| मा. उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| मा. गृहमन्त्री श्री राम बहादुर थापा | सदस्य |
| मा. परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| मा. शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| मा. कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| मा. स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| मा. उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| मा. संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| मा. अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| मुख्यसचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

आमन्त्रितः

- सचिव श्री केदारवहादुर अधिकारी, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- सचिव श्री शंकरदास बैरागी, परराष्ट्र मन्त्रालय
- सचिव श्री महेश्वर न्यौपाने, गृह मन्त्रालय
- सचिव श्री यादव कोइराला, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- सचिव श्री विनाद के सी, श्रम राजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- उपरथी श्री प्रभुराम शर्मा, नेपाली सेना
- प्रमुख विशेषज्ञ, डा. दिपेन्द्र रमण सिंह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- महानिर्देशक, श्री राजन पोखरेल, नेपाल नागरिक उड्डयन प्राधिकरण

गणेश प्रसाद अधिकारी, मुख्य अनुसन्धान निर्देशक, राअवि

सन्त बहादुर सुनार सह-सचिव, रक्षा मन्त्रालय

नारायण प्रसाद ढकाल, महानिर्देशक, स्वा.म.

... खनाल IG APF

महेन्द्र प्रसाद श्रेष्ठ महानिर्देशक, स्वि.नि.वि. स्वास्थ्य तथा ज.म. ...

उ.र.प्र. सुनिल कुमार ... मै.स.प.नि. नेपाली सेना

... पूर्णचन्द्र थापा, प्रधान सेनापति - नेपाली सेना

ठाकुर प्रसाद ... प्र.प.नि. नेपाल प्रहरी

प्रा. सेनानी डा. विकल श्रेष्ठ नेपाली सेना

... पाण्डे, निर्देशक, ...

**निर्णयहरु**

१. सडक सवारी साधनबाट आवत जावतहुने नेपाल भारत सीमावर्ती क्षेत्रका प्रमुख स्थानहरुमा समेत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औषधी तथा उपकरणसहितको स्वास्थ्य टोली खटाउने प्रवन्ध मिलाउने। यसका लागि गृह मन्त्रालय सँग समन्वय गर्ने ।

२. सीमावर्ती क्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न नेपाली नागरिकहरुलाई सूचित गर्ने ।

३. नेपाल-भारत सीमामा स्वास्थ्य सचेतना तथा सतर्कता अपनाउनको लागि Cross Boarder Meeting गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

४. भारतसँग जोडिएका सीमावर्ती प्रवेश नाकाहरुमा आपतकालीन अवस्थामा क्वारेन्टाईन गर्न आवश्यक पर्ने क्वारेन्टाईन भवन/स्थल पहिचान गरी सो सम्बन्धी व्यवस्थापन गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

५. क्वारेन्टाईन प्रयोजनको निम्ति प्रयोग भएका खरिपाटीस्थित विधुत प्राधिकरणको भवन र तेलकोटस्थित खानेपानी तालिम केन्द्रको भवनलाई निकट भविष्यको संभाव्य प्रयोगलाई विचार गरी तत्काल यथावत स्थितिमा कायम राख्न जिल्ला प्रशासन कार्यालय भक्तपुरलाई निर्देशन दिने।

६. आशन्न फागुपूर्णिमा / होली पर्वका अवसरमा अधिक मात्रामा रंग, पानीको प्रयोग र लोला प्रहारबाट सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले आम नागरिकको हितलाई ध्यानमा राखी यस्ता कार्यहरु नगर्न नगराउन गृह मन्त्रालय मार्फत सबैलाई अनुरोध गर्ने ।

२०७६/११/२२

७. COVID-19 बाट बढी प्रभावित चीन, दक्षिण कोरिया, ईरान, ईटली र जापानका नागरिकहरु एवं ती मुलुकको Transit भएर नेपाल आउने विदेशी यात्रुहरुले विदेशस्थित निकायहरुमा भिसाको माग गर्दा Swab Test को रिपोर्ट अनिवार्य रुपमा पेश गर्ने व्यवस्था मिलाउने ।

८. परराष्ट्र मन्त्रालयले विदेशस्थित कुटनैतिक नियोग तथा दुतावासमार्फत COVID-19 बाट संक्रमित मुलुकमा बस्ने नेपाली नागरिकहरुलाई स्वास्थ्य सचेतना सम्बन्धी सन्देशमूलक सूचना प्रवाह गर्ने । उनीहरुको हितमा आवश्यक सहजिकरण गर्ने ।

९. वजारमा औषधी, मास्क तथा सेनिटाइजर एवं अन्य अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरुको आपूर्ति व्यवस्था सहज एवं नियमित राख्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले वजार अनुगमनलाई प्रभावकारी बनाउने ।

१०. COVID-19 को संक्रमणको संभावनालाई रोक्न वाह्य मुलुकहरुबाट आयातहुने मासुजन्य पदार्थको गुणस्तर र स्वच्छता सम्बन्धमा कृषि तथा पशुपंक्षी मन्त्रालयले निगरानी तथा परीक्षणको कार्य प्रभावकारी तुल्याउने ।

११. प्रदेश सरकारलाई COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा सतर्कता अपनाउन अनुरोध गर्ने । साथै, सभा, सम्मेलन भेला, समारोह ठुला जमघटको कार्य नगर्न र स्वास्थ्य सतर्कता सम्बन्धी प्रचार-प्रसार गर्नुका साथै औषधी, मास्क, सेनिटाईजर जस्ता वस्तुहरुतथा दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरु सहजरुपमा आपूर्तिको व्यवस्था मिलाउन अनुरोध गर्ने।

१२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई सभा, सम्मेलन, भेला, समारोह, ठुला जमघटको कार्य नगर्न र स्वास्थ्य सतर्कता सम्बन्धी प्रचार-प्रसार गर्नुका साथै औषधी, मास्क, सेनिटाईजर जस्ता वस्तुहरुतथा दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरु सहजरुपमा आपूर्तिको व्यवस्था मिलाउन अनुरोध गर्ने।

१३. मानिसहरुको ठूलो जमघट हुने सीनेमा हल, वसपार्क, पार्टिप्यालेस तथा सामुहिक वसोवास हुने अपार्टमेन्ट जस्ता स्थलहरुमा स्वास्थकर्मीको टोली खटाई समय-समयमा स्वास्थ्य परीक्षण गर्ने निगरानी बढाउने।

१४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक रुपमा यस रोगको रोकथाम सम्बन्धमा भए गरेका कामकारवाहि तथा अद्यावधिक सूचना समेत राखि नियमित रुपमा स्वास्थ्य बुलेटिन जारी गर्ने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित विज्ञहरुबाट जानकारी प्रवाह गर्ने व्यवस्था मिलाउने ।

१५. बाह्य मुलुकबाट नेपाल प्रवेश गर्ने सबै एयरलाईन्स मार्फत हवाई यात्रुहरुलाई Self-Declaration Form उपलब्ध गराई भराईदिने व्यवस्था नेपाल नागरिक उड्डयन प्राधिकरणले मिलाउने ।

१६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नेपाल नागरिक उड्डयन प्राधिकरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयुक्त टोलीले विमानस्थलमा COVID-19 संक्रमण सम्बन्धमा जाच्नको निम्ति प्रिफ्याव निर्माण गर्न स्थानको पहिचान गरी नियमानुसार निर्माण प्रकृया शीघ्र अघि बढाउने ।

२०७६।११।२२